


## सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

# स्वत प्रकाशन
# (Proactive Disclosure)

सूचना सार्वजनिक गर्ने निकायको नामः प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङ
सूचना सार्वजनिक गरेको अवधिः २०८२  माघ - चैत्र

| शिर्षक | पेज नं |
|---|---|


१.  कार्यालयको स्वरूप र प्रकृति ........ २

२. कार्यालयको काम कर्तव्य र अधिकार ........ २

३. कार्यालयको दरबन्दी संरचना ........ ४

४. कार्यालयका कर्मचारीको विवरण ........ ५

५. कार्यालयबाट प्रदान गरिने सेवा, लाग्ने दस्तुर र अवधि ........ ५

६. निर्णय गर्ने प्रक्रिया र अधिकारी ........ ६

७. निर्णय उपर उजुरी सुन्ने अधिकारी ........ ६

८. कार्यालयबाट सम्पादित क्रियाकलापहरु ........ ७

९. कार्यालय प्रमुख र सुचना सुन्ने अधिकारीको विवरण ........ ९

१०. ऐन नियम कानुनको सुची ........ ९

११. आर्थिक कारोबार सम्बन्धि अध्यावधिक विवरण ........ १०

१२. कार्यालयको वेबसाइटको विवरण ........ १०

१३. कार्यालयले प्राप्त गरेको वैदेशिक सहायता ........ १०

१४. कार्यालयको प्रगति प्रतिवेदन ........ १०

१५. कार्यालयले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली ........ १०

१६. कार्यालयमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर दिएको विवरण ........ ११

१७. कार्यालयको सूचना अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण ........ ११

## सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

### स्वत प्रकाशन

## (Proactive Disclosure)

### १. कार्यालयको स्वरूप र प्रकृति

नेपाल संघीय लोकतान्त्रिक शासन व्यवस्थामा प्रवेश गरेपछि संविधान त तीन तहको शासन व्यवस्थाको प्रावधान रहेको छ। गण्डकी प्रदेशका जिल्लाहरूमा सङ्घ प्रदेश र स्थानीय तहसँग समन्वय गर्दै तोकिए बमोजिम स्वास्थ्य सम्बन्धी गतिविधिहरू सञ्चालन तथा व्यवस्थापन गर्ने उद्देश्यले प्रदेश तहको स्वास्थ्य कार्यालय स्थापना गर्ने निर्णय भए बमोजिम स्वास्थ्य निर्देशनालय मातहतको कार्यालयको रुपमा गण्डकी प्रदेशका सबै जिल्लामा स्थापना भएका स्वास्थ्य कार्यालयहरू मध्येको एक स्वास्थ्य कार्यालय बागलुङ हो। यस जिल्लामा ४ नगरपालिका तथा ६ गाउँपालिका अन्तर्गत रहेका विभिन्न स्वास्थ्य संस्थाहरू ले स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेका छन्। गण्डकी प्रदेशमा आधुनिक चिकित्सा, आयुर्वेद तथा वैकल्पिक चिकित्सा मार्फत प्रवर्धनात्मक प्रतिकारात्मक उपचारात्मक पुनर्स्थापनात्मक सेवाका साथै स्वस्थ जीवनशैली परिवर्तनका लागि स्वास्थ्य सेवा प्रवाह हुँदै आइरहेको छ। स्वास्थ्य सेवालाई नियमित रुपमा प्रवाह गर्नका लागि प्रदेश सरकार मातहतमा जिल्लामा स्वास्थ्य कार्यालय जिल्लास्तरीय अस्पताल र आयुर्वेदिक स्वास्थ्य औषधालय/ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरू सञ्चालनमा रहेका छन्। त्यस्तै स्वास्थ्य कार्यालयको समन्वयमा जिल्लाका सबै स्थानीय स्तर मातहतमा आधारभूत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक, खोप क्लिनिकहरु सञ्चालनमा रहेका छन्। स्वास्थ्य कार्यालय विशेषतः स्वास्थ्य निर्देशनालय मातहत कार्यालयको रुपमा रही प्रदेश र स्थानीय तहसँग समन्वय सहजीकरण सहयोग एवं तोकि तोकिए बमोजिम प्रदेशको निर्देश अनुसार कार्यसम्पादन गर्ने निकायको रूपमा रहेको छ।

### २. कार्यालयको काम कर्तव्य र अधिकार

- प्रर्वद्धनात्मक तथा प्रतिकारात्मक सेवासँग सम्बन्धित जनस्वास्थ्य कार्यकमहरु (स्वास्थ्य शिक्षा, मातृ तथा नवशिशु स्वास्थ्य, बाल स्वास्थ्य, खोप, पोषण, परिवार नियोजन, किशोर किशोरी स्वास्थ्य, यौन तथा प्रजनन स्वास्थ्य, सर्ने तथा नसर्ने रोग, मानसिक रोग, जलवायु परिवर्तनद्वारा सिर्जित रोगको रोकथाम / नियन्त्रण / निवारण / उन्मुलन, स्वास्थ्य शिविर, ज्येष्ठ नागरिक स्वास्थ्य लगायत अन्य) को योजना निर्माण, कार्यान्वयन तथा अनुगमन गर्ने

- स्थानीय तहबाट सञ्चालन गर्नुपर्ने स्वास्थ्य कार्यक्महरुको योजना निर्माणमा सहयोग गर्ने, स्थानीय तहसँग समन्वय गरी स्वास्थ्य कार्यकमहरुको कार्यान्वयन गर्ने र स्थानीय स्वास्थ्य समस्याहरु समाधान गर्नका लागि सहजीकरण गर्ने
- जिल्लामा रहेका स्वास्थ्य संस्थामा आवश्यक पर्ने औषधी, खोप तथा औषधीजन्य स्वास्थ्य सामग्रीको परिमाण निर्धारण तथा पूर्वानुमान गरी खरिद, भण्डारण (कोल्ड चेन व्यवस्थापन) तथा वितरण एवं स्वास्थ्यजन्य फोहोरको व्यवस्थापन गर्ने
- सर्ने तथा नसर्ने रोगहरुको नियमित रुपमा स्कृनिड गरी रोगहरुको एकिकृत रुपमा निगरानी (पब्लिक हेल्थ सर्भीलेन्स) गर्ने
- विपद तथा महामारीको अवस्थाको लागि पूर्वतयारी, जोखिमको न्यूनीकरण, रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्ने
- एक स्वास्थ्य रणनीतिको आधारमा नयाँ तथा पुनः देखिएका रोगहरु, किटजन्य एवम् जुनोटिक रोगहरुको सम्बन्धित निकाय तथा अन्तर तह बीच समन्वय गरी रोकथाम र नियन्त्रण गर्ने
- स्वास्थ्य सम्बन्धी तथ्याङ्कको नियमित विश्लेषण गरी एकीकृत विद्युतीय अभिलेख र प्रतिवेदन प्रणालीलाई व्यवस्थित गर्ने
- मापदण्ड बमोजिम जिल्ला भित्रका स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति प्रदान, नविकरण, अनुगमन एवं नियमन गर्ने
- स्वास्थ्यकर्मीको प्राविधिक क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गर्ने
- सूर्तीजन्य पदार्थ, मदिरा र लागुपदार्थजन्य वस्तुको नियन्त्रण तथा नियमन सम्बन्धी कार्य गर्ने
- "सबै नीतिमा स्वास्थ्य" को अवधारणा अनुरुप स्वास्थ्यका बृहत निर्धारक तत्वलाई सम्बोधन गर्न बहुक्षेत्रीय सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने
- स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान गरी स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी र स्वास्थ्य योजनालाई तथ्यपरक बनाउने
- प्रदेशको स्वास्थ्य सेवा सुदृढीकरणका लागि आवश्यक नीति, ऐन, निर्देशिका, कार्यविधि, मापदण्ड, प्रोटोकल आदिको निर्माण, कार्यान्वयन र अद्यावधिक गर्न मन्त्रालयलाई सहयोग गर्ने

- आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अनुगमन तथा कार्यान्वयनमा सहजीकरण गर्ने
- मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन गर्ने
- औषधी निगरानी, औषधीको उचित प्रयोग र प्रतिजैविक प्रतिरोध न्यूनीकरण सम्बन्धी कार्य गर्ने
- वातावरणीय स्वास्थ्य, खानेपानी, सरसफाई तथा पेशागत स्वास्थ्य सम्बन्धी कार्य गर्ने
- जनसङ्ख्या व्यवस्थापन तथा बसाईँसराइ सम्बन्धी कार्य गर्ने
- आन्तरिक प्रशासन (आर्थिक, प्रशासनिक) सम्बन्धी कार्य गर्ने
- प्रदेश सरकारबाट तोकिएका एवं प्रचलित कानून बमोजिम तोकिएका अन्य कार्यहरू गर्ने।

## ३. कार्यालयको दरबन्दी संरचना

| क्र स | पद | श्रेणी/तह | सेवा | समुह | स्वीकृत दरबन्दी | पदपूर्ती | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ब/जनस्वास्थ्य प्रशासक | ९/१० तह | स्वास्थ्य | हे.ई. | १ | १ | ० | |
| २ | ब/जनस्वास्थ्य अधिकृत | ७/८ तह | स्वास्थ्य | हे.ई. | १ | ३ | ० | करार-२ |
| ३ | ब/तथ्यांक अधिकृत | ७/८ तह | आ.यो.त | तथ्यांक | १ | १ | ० | |
| ४ | हेल्थ असिस्टेन्ट वा सो सरह | ५/६/७ तह | स्वास्थ्य | हे. ई | ३ | ३ | ० | |
| ५ | पब्लिक हेल्थ नर्स | ५/६/७ तह | स्वास्थ्य | क.न. | १ | १ | ० | |
| ६ | ल्याब टेक्निसियन | ५/६/७ तह | स्वास्थ्य | मे.ल्या.टे | १ | १ | ० | |
| ७ | कोल्ड चेन असिस्टेन्ट | ४/५/६ तह | स्वास्थ्य | हे. ई | १ | ० | १ | |
| ८ | मलेरिया इन्स्पेक्टर | ४/५ तह | स्वास्थ्य | - | ० | १ | - | प्रदेश सरकारबाट कामकाज |
| ९ | अधिकृत | ६ तह | प्रशासन | लेखा | १ | १ | ० | |
| १० | अधिकृत | ६ तह | प्रशासन | सा.प्र. | १ | १ | ० | |
| ११ | हल्का सवारी चालक | | इन्जिनियर | मे.ई. | १ | १ | ० | |
| १२ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सा.प्र. | २ | २ | ० | |
| | जम्मा | | | | १४ | १६ | १ | |

## ४. कार्यालयका कर्मचारीको विवरण

| क स | नामथर | पद | इमेल | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | प्रविण शर्मा | जनस्वास्थ्य प्रशासक | prabinsharma9635@gmail.com | ९८४३२२९६३५<br>९८५७६२२७८८ |
| २ | घनश्याम सापकोटा | निमित्त कार्यालय प्रमुख | gs.sapkota28@gmail.com | ९८५७६२२०२५ |
| ३ | टिकाराम भण्डारी | जनस्वास्थ्य अधिकृत | bhandariprajwal302@gmail.com | ९८४६०२९२२७ |
| ४ | समिता घिमिरे | जनस्वास्थ्य अधिकृत (छात्रवृत्ति करार) | samitag450@gmail.com | ९७६२९४८९९६ |
| ५ | सुमा कुँवर | जनस्वास्थ्य अधिकृत (छात्रवृत्ति करार) | kunwarsooma24@gmail.com | ९७६६००१७६१ |
| ६ | देव प्रकाश घिमिरे | व. क्षयकुष्ठ निरिक्षक | prakashghimire282@gmail.com | ९८५७६२०५१४ |
| ७ | उदय शर्मा | अधिकृत (लेखा) | | ९८४७६२२८१२ |
| ८ | लक्ष्मी शर्मा | जनस्वास्थ्य निरीक्षक | laxmi.acharya866@gmail.com | ९८५६६३५८६६ |
| ९ | डिल्लीप्रसाद आचार्य | ल्याव टेक्निसियन | acharyadilli049@gmail.com | ९८५७६३७०४९ |
| १० | मिना देवी पुन मगर | पब्लिक हेल्थ नर्स | punaneemz@gmail.com | ९८६०५०४७०४ |
| ११ | रिता राना पुन | सहायक अधिकृत (प्रशासन) | ritarana272@gmail.com | ९८४७७९४०३४ |
| १२ | राजु खत्री | खोप सुपरभाइजर | rajukhatri18@gmail.com | ९८५७६२४९१८ |
| १३ | कमला थापा | मलेरिया इन्स्पेक्टर | kamalathapa495@gmail.com | ९८५७६२४४९५ |
| १४ | रुद्र बहादुर पराजुली | ह. स. चा | rudraparajuli28@gmail.com | ९८५७६२३३६६ |
| १५ | अमृत पौडेल | कार्यालय सहयोगी | - | ९८४७७८७८९६ |
| १६ | तुलसी देवी रेग्मी | कार्यालय सहयोगी | | ९८४७७३७६३५ |

## ५. कार्यालयबाट प्रदान गरिने सेवा, लाग्ने दस्तुर र अवधि

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
**प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङ**

**नागरिक बडापत्र (Citizen Charter)**

| क्र.सं. | सेवाको विवरण | सेवा प्राप्त गर्न लाग्ने | | सेवा प्राप्त गर्दा पेश गर्नुपर्ने कागजातहरु | जिम्मेवारी कर्मचारी/ फाँट | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| | | समय | शुल्क | | | |
| १ | खोप सेसन संचालनको तोकिएका खोप केन्द्रबाट खोप सेवा संचालनका लागि राष्ट्रिय खोप कार्यक्रम अन्तरगतका भ्याक्सीन वितरण | १ घण्टा | | सम्बन्धित स्थानीय तहको प्रमाणित माग फारम | खोप/ कोल्डचेन | कार्यालय प्रमुख |
| २ | स्वास्थ्य कार्यक्रम संचालनका लागि आवश्यक कमोडिटिज जस्तै परिवार नियोजनका साधन, भिटामिन ए, आईरन चक्की आदि वितरण | १ घण्टा | | सम्बन्धित स्थानीय तहको प्रमाणित माग फारम | सम्बन्धित फोकल व्यक्ति/ स्टोर | कार्यालय प्रमुख |
| ३ | अत्यावश्यक औषधी तथा औषधीजन्य सामाग्री र HMIS/LMIS तथा अन्य फारम वितरण | २ देखि ३ घण्टा | | सम्बन्धित स्थानीय तहको प्रमाणित माग फारम | स्टोर/ तथ्याङ्क | कार्यालय प्रमुख |
| ४ | क्षयरोग, कुष्ठरोग, हात्तीपाईले, HIV/AIDS, कार्यक्रमसँग सम्बन्धित औषधी तथा सामाग्री वितरण | १ घण्टा | | सम्बन्धित स्थानीय तहको प्रमाणित माग फारम | क्षयरोग, कुष्ठरोग तथा रोग नियन्त्रण | कार्यालय प्रमुख |
| ५ | महामारी/ विपदको समयमा आवश्यक पर्ने औषधी, सामाग्री वा अन्य व्यवस्थापन कार्यका साथै रोगको सर्भिलेन्स गर्ने | १ घण्टा ३० मिनेट | | स्थानीय तहको अनुरोध पत्र वा आधिकारिक सुचना | RRT फोकल पर्सन | कार्यालय प्रमुख |
| ६ | कार्यालयमा हुने गतिविधिहरुबारे सूचना उपलब्ध गराउने | १-२ घण्टा | | सूचना माग गर्ने व्यक्ति वा निकायको आधिकारिक अनुरोध वा निवेदन | तथ्याङ्क, प्रशासन, लेखा वा सम्बन्धित फाँटहरु | कार्यालय प्रमुख |
| ७ | नर्सिङ होम स्वीकृति, नवीकरण तथा नियमन गर्ने | १५ दिन | स्वास्थ्य संस्था संचालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका २०७० (संशोधन सहित) मा भएका प्रावधान अनुसारका कागजात सहितको निवेदन र लाग्ने शुल्क | संस्था स्वीकृतिका लागि पेश गर्नुपर्ने सम्बन्धी मापदण्डमा उल्लेख भएका कागजातहरु | संस्था स्वीकृति तथा नियमन गर्ने/ प्रशासन | कार्यालय प्रमुख |
| ८ | क्षेत्रका पच्चीस देखि २०० शैयाका अस्पताल, डेण्टल क्लिनिक, आँखा उपचार केन्द्र, रेडियो ईमेजिङ्ग सेन्टर लगायतका नीजि स्तरका स्वास्थ्य संस्थाको प्रस्तावको विस्तृत अध्ययन, अनुगमन गरी स्वास्थ्य निर्देशनालय र सामाजिक विकास मन्त्रालयमा पेश गर्ने | १५ दिन | स्वास्थ्य संस्था संचालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका २०७० (संशोधन सहित) मा भएका प्रावधान अनुसारका कागजात सहितको निवेदन | स्वास्थ्य संस्था संचालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका २०७० (संशोधन सहित) मा भएका प्रावधान अनुसारका कागजात सहितको निवेदन | संस्था स्वीकृति तथा नियमन/ प्रशासन | कार्यालय प्रमुख |
| ९ | परिवार नियोजन तथा सुरक्षित मातृत्व सम्बन्धी जानकारी | तुरुन्तै | | मौखिक वा लिखित अनुरोध | परिवार नियोजन तथा सुरक्षित मातृत्व कार्यक्रम | कार्यालय प्रमुख |
| १० | बालस्वास्थ्य तथा पोषण सम्बन्धी जानकारी | १ दिन | | मौखिक वा लिखित अनुरोध | बाल स्वास्थ्य तथा पोषण कार्यक्रम | कार्यालय प्रमुख |
| ११ | प्रयोगशाला सम्बन्धी जानकारी एवं खानेपानी परिक्षण तथा वातावरणिय परिक्षण | १ दिन | | मौखिक वा लिखित अनुरोध | प्रयोगशाला | कार्यालय प्रमुख |
| १२ | जनस्वास्थ्य सेवा सम्बन्धी संघ, प्रदेश र स्थानीय तहमा समन्वय कार्यसँग सम्बन्धित कार्य | १ घण्टा | | मौखिक वा लिखित अनुरोध | प्रशासन | कार्यालय प्रमुख |

## ६. निर्णय गर्ने प्रक्रिया र अधिकारी

कामको प्रक्रिया र स्वरूप अनुसार कार्यालय प्रमुख वा सम्बन्धित कार्यक्रमको फोकल पर्सन

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- कार्यालय प्रमुख श्री प्रविण शर्मा
- सम्पर्क नं: ९८४३२२९६३५, ९८५७६२२७८८
- इमेल: prabinsharma9635@gmail.com

## ८. कार्यालयबाट सम्पादित क्रियाकलापहरु

**माघः**

- राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत नियमित खोप तथा खोपबाट बचाउन सकिने रोगहरूको खोजपड्ताल सम्बन्धि समिक्षा र सरसफाई प्रवर्द्दन तथा सुक्ष्मयोजना अध्यावधिक सम्बन्धि २ दिने गिष्ठिको ३ ब्याच संचालन गरिएको थियो ।
- मिति २०८२/०९/०८ र ०९ गते स्वास्थ्यकर्मीहरूका लागि क्षयरोगको पुर्नताजगि तालिम सम्पन्न गरिएको थियो ।
- मिति २०८२/०९/१८ गते जिल्लास्तरिय प्रजनन स्वास्थ्य समन्वय समिति एवम् मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य समितिको बैठक सम्पन्न गरिएको थियो ।
- मिति २०८२/०९/१७ र १८ गते नवजात शिशु तथा बाल रोगको एकिकृत व्यवस्थापन कार्यक्रमको समिक्षा सम्पन्न गरिएको थियो।
- मिति २०८२/०९/१८ र १९ गते ASRH सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न गिएको थियो ।
- जिल्ला खानेपानि गुणस्तर समितिको बैठक सम्पन्न गरिएको थयो।
- मिति २०८२/०९/२३ र २४ गते ANC to PNC Continuum of Care र PRTP app सम्बन्धि २ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको थियो ।
- मिति २०८२०९२५ गते आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु बिक्रि वितरण नियन्त्रण ऐन सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको थियो ।
- Continue Public Health Education (CPHE) अन्तर्गत Public Asset Management System PAMS V2 सम्बन्धि स्वास्थ्यकर्मिहरूको लागि सेसन संचालन गरिएको थियो ।

**फाल्गुणः**

- रास्ट्रिय प्रजातन्त्र दिवशको अवसरमा प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ, नेपाल रेडक्रस सोसाईटि, बागलुङ तथा सुरक्षा निकायको समन्वयमा मिति २०८२/११/०६ गते रक्त संचार केन्द्र बागलुङमा रक्तदान कार्यक्रम सम्पन्न गरिएको थियो।

- महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीकाहरूका लागि बागलुङ नगरपालिमा र ताराखोला गाउँपालिलामा १० दिने आधारभूत  तालिम सम्पन्न गरिएको थियो ।
- Continue Public Health Education (CPHE) अन्तर्गत ढोरपाटन नगरपालिकाका विभिन्न क्षेत्रमा फैलिएको दादुरा संक्रमण नियन्त्रणको लागि स्वास्थ्यकर्मीहरुलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो।

**चैत्रः**

- आ.व. २०८२/८३ को स्वास्थ्य कार्यक्रमहरुको अर्धवार्शिक समीक्षा एवम योजना तर्जुमा गोष्ठी तथा स्वास्थ्य संस्थाहरुको geocode अध्यावधिक एवम् पञ्जिकरण कार्यक्रम सम्पन्न गरिएको थियो।
- Continue Public Health Education (CPHE) कार्यक्रम अन्तर्गत बागलुङका सम्पुर्ण स्वास्थ्य शाखा प्रमुख हरूको उपस्थितिमा Measles Outbreak and its management in Dhorpatan Municipality सम्बन्धि सेसन संचालन गरिएको थियो ।
- मिति २०८२/१२/१६ गते "विभिन्न खोप अभियान अनुगमनबाट प्राप्त सिकाई र सुधारका पक्ष" शिर्षकमा Continue Public Health Education सेशन संचालन गरिएको थियो।
- मिति २०८२/१२/२३ गतेका दिन ढोरपाटन नगरपालिकामा CPHE (Continue Public Health Education) अन्तर्गत बिभिन्न स्थानिय तहमा कार्यरत नर्सिङ कर्मचारीहरुको सहभागितामा उत्तर प्रसुती डिप्रेसन सम्बन्धि कार्यक्रम सम्पन्न भएको थियो।
- मिति २०८२/१२/०२ गतेका दिन ताराखोला गाउपालिका १ अमरभुमि स्वास्थ्य चौकिको व्यवस्थापन समितिलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो ।
- काठेखोला ७ रेश स्वास्थ्य चौकिमा मिति २०८२/१२/०५ र गलकोट ६ चरौदी आधारभूत स्वास्थ्य सेवा केन्द्रमा मिति २०८२/१२/०६ गते समुदाय स्तरिय पोषण सम्वद्ध सरोकारवालासंगको पैरवी तथा अन्तरक्रिया सम्पन्न भएको थियो ।
- मिति २०८२/१२/८ र ९ गतेका दिन औषधी जन्य सामाग्रिहरुको Quantification तथा Forecasting कार्यशाला सम्पन्न भएको थियो।
- मिति २०८२/१२/१० गतेका दिन विश्व क्षयरोग दिवसका अवसरमा पत्रकार अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो।

- "स्थायी बन्ध्याकरण शिविर अगावै अन्तरक्रिया कार्यक्रम" मिति २०८२।१२।१५ गतेका दिन गलकोट नगरपालिका र बरेङ गाउँपालिकामा सम्पन्न गरिएको थियो ।
- मिति २०८२/१२/१६ गते र १७ गते स्वास्थ्यकर्मीका लागि एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको थियो ।
- जैमिनि नगरपालिकामा महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीकाहरूका लागि १० दिने आधारभूत तालिम सम्पन्न गरिएको थियो ।
- मितिः २०८२/१२/२१ गतेका दिन गलकोट नगर अस्पतालमा र २०८२/१२/२३ गतेका दिन हुग्दिशिर स्वास्थ्य चौकी बरेङमा परिवार योजना स्थायी बन्ध्याकरण शिविर सञ्चालन भएको थियो ।
- मिति २०८२/१२/२२ देखि २४ गते सम्म स्तनपान परामर्शदाताहरुको लागि ३ दिनको तालिम सम्पन्न भएको थियो।

## ९. कार्यालय प्रमुख र सुचना सुन्ने अधिकारीको विवरण

| | |
|---|---|
| कार्यालय प्रमुख | प्रविण शर्मा |
| | ९८४३२२९६३५,९८५७६२२७८८ |
| | prabinsharma9635@gmail.com |
| सुचना अधिकारी | देव प्रकाश घिमिरे |
| | ९८५७६२०५१४ |
| | prakashghimire282@gmail.com |

## १०. ऐन नियम कानुनको सुची

- नेपालको संविधान
- जनस्वास्थ्य सेवा ऐन २०७५
- स्वास्थ्य सेवा ऐन २०५३
- प्रदेश खर्चको मापदण्ड २०७९
- कार्यक्रम सञ्चालन मापदण्ड प्रदेश समानीकरण
- कार्यक्रम सञ्चालन मापदण्ड

## ११. आर्थिक कारोबार सम्बन्धि अध्यावधिक विवरण

| बजेट उपशीर्षक | खुद बजेट | | | खर्च प्रतिशत (वित्तीय) | | |
|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा |
| प्रदेश श्रोत तर्फ | २७२४८ | ९००० | ३६२४८ | १४१७२ (५२.०१%) | २४७(२.७४) | १४४१९(३९.७७%) |
| संघ सशर्त अनुदान | २४५१४ | - | २४५१४ | ७९९६(३२.६१%) | - | ७९९६(३२.६१%) |
| विशेष अनुदान | २७९५ | - | २७९५ | ४८०(१७.१७%) | - | ४८०(१७.१७) |
| कुल जम्मा | ५४,५५७ | ९००० | ६३५५७ | २२६४८(४१.५१) | ० | २२८९५(३६.०२%) |

## १२. कार्यालयको वेबसाइटको विवरण

www.hobaglung.gandaki.gov.np

## १३. कार्यालयले प्राप्त गरेको वैदेशिक सहायता

- नरहेको

## १४. कार्यालयको प्रगति प्रतिवेदन

- वार्षिक समीक्षा
- वार्षिक प्रगति प्रतिवेदन

## १५. कार्यालयले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली

- नरहेको

१६. **कार्यालयमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर दिएको विवरण**

- नरहेको

१७. **कार्यालयको सूचना अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण**

- कार्यालयको फेसबुक पेज
- सुचनापाटि
- जनस्वास्थ्य बुलेटिन
- वार्षिक समीक्षा
- वार्षिक प्रगति प्रतिवेदन